विदेशी नागरिक सबैलाई

नेपाली भाषा（ネパール語）



# मियमा स्वागत छ!

यो पर्चा मिय प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूका लागि महत्त्वपूर्ण जानकारी हो।
कुनै समस्या परेमा प्रयोग गर्नुहोस्। हामी तपाईंको जीवनयापनलाई सहयोग गर्छौं।
※ यहाँ लेखिएको जानकारी २०२५ नोभेम्बरको हो।

मिय प्रिफेक्चर बाट आउने सूचनाहरू ७ भाषामा हेर्न सक्नुहुन्छ।
(२०२६ अप्रिलदेखि ८ भाषामा उपलब्ध छ)

MieInfo

## जापान मा जीवनयापन

**आप्रवासन तथा निवास व्यवस्थापन निकाय**
**जीवन • काम सम्बन्धी मार्गदर्शक पुस्तिका**

जापानमा सुरक्षित रूपमा जीवनयापन का लागि आवश्यक जानकारी हेर्न सक्नुहुन्छ। काम र पैसा लगायतका महत्त्वपूर्ण नियमहरू लेखिएका छन्।
● १९ भाषामा उपलब्ध छ
(सरल जापानी संस्करण सहित)

**आप्रवासन तथा निवास व्यवस्थापन निकाय**
**जीवन अभिमुखीकरण भिडियो**

जापानमा सुरक्षित रूपमा जीवनयापन गर्न तथा काम गर्न आवश्यक नियमहरू भिडियोमार्फत हेर्न सक्नुहुन्छ।
● १७ भाषामा उपलब्ध छ

## आपतकालीन अवस्था • विपद्

**Bosaimie.jp (防災みえ .jp)**

ठूलो वर्षा, आँधी–तूफान, भूकम्प, सुनामी जस्ता विपद् सम्बन्धी जानकारी हेर्न सक्नुहुन्छ।
● ८ भाषामा उपलब्ध छ

**मिय विपद् बहुभाषिक सहायता केन्द्र**

ठूलो भूकम्प वा सुनामी आएमा, आवश्यक जानकारी अनुवाद गरी जानकारी गराइन्छ।
विपद्का कारण समस्या परेमा परामर्श लिन सक्नुहुन्छ।
फोन: ०८०-३३००-८०७७ (नि:शुल्क परामर्श)
इमेल: saigai.tagengo.mie@gmail.com
भाषा: सरल जापानी, पोर्चुगिज भाषा, भियतनामी भाषा, अंग्रेजी भाषा, स्पेनिश भाषा

## रोग • चोटपटक

**मेडिकल नेटवर्क मिय**

तपाईंको घर नजिकका अस्पताल वा औषधि पसल खोज्न सक्नुहुन्छ।
● ५ भाषामा उपलब्ध छ

**मिय बाल स्वास्थ्य डायल**

बिदाको दिन वा रातिको समयमा बच्चालाई ज्वरो आएर समस्या भएको छ? बच्चा बिरामी वा चोटपटक लागेमा फोनबाट परामर्श लिन सक्नुहुन्छ।
फोन: #८००० (नि:शुल्क परामर्श)
● २२ भाषामा उपलब्ध छ

## जापानी भाषाको अध्ययन

**शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय**
**चूनाहिरो (TSUNAHIRO)**

दैनिक जीवनमा प्रयोग हुने जापानी भाषा भिडियोमार्फत सिक्न सक्नुहुन्छ। स्मार्टफोन वा PC बाट जुनसुकै बेला हेर्न सक्नुहुन्छ।
● १९ भाषामा उपलब्ध छ

**मिय प्रिफेक्चर अन्तर्राष्ट्रिय आदानप्रदान फाउन्डेसन**
**जापानी भाषा कक्षाको नक्सा**

तपाईंको घर नजिक जापानी भाषा पढ्न सकिने स्थान खोज्न सक्नुहुन्छ।
● बहुभाषामा उपलब्ध छ

नबुझेको कुराहरूका बारेमा परामर्श लिन सक्नुहुन्छ!!

# मिय विदेशी नागरिक परामर्श सहायता केन्द्र MieCo (मिएको)

## ०८०-३३००-८०७७ (निःशुल्क परामर्श)

विस्तृत जानकारी यहाँ▲

| | |
|---|---|
| परामर्श लिन सकिने समय | बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म |
| परामर्श लिन सकिने दिन | सोमबारदेखि शुक्रबारसम्म (शनिबार, आइतबार, सार्वजनिक बिदा तथा वर्ष अन्त्य/नयाँ वर्षको बिदा बाहेक) |
| उपलब्ध लिन सकिने भाषा | जापानी भाषा, अंग्रेजी भाषा, पोर्चुगिज भाषा, स्पेनिश भाषा, फिलिपिनो भाषा, चिनियाँ भाषा, कोरियन भाषा, भियतनामी भाषा, नेपाली भाषा, इन्डोनेसियाली भाषा, थाई भाषा |

### ● विशेष परामर्श

कानुन | बसोबास स्थिति | मानसिक स्वास्थ्य परामर्श



वकिल, नागोया अध्यागमन तथा निवास व्यवस्थापन ब्यूरोका कर्मचारी तथा क्लिनिकल मनोवैज्ञानिकसँग निःशुल्क परामर्श लिन सक्नुहुन्छ।

परामर्श लिन सकिने मिति तोकिएको छ।

फोनमार्फत अग्रिम बुकिङ गर्नुहोस्।

### मिय विपद् नाभी

विपद्को बेला सुरक्षित स्थान (आश्रयस्थल) नक्साबाट खोज्न सक्नुहुन्छ। हाजार्ड म्याप (भूकम्प, सुनामी, आँधी–तूफानबाट जोखिम भएका स्थानहरूको नक्सा) हेर्न सक्नुहुन्छ।

● ८ भाषामा उपलब्ध छ

iOS Android




### NHK WORLD-JAPAN

जापान तथा विश्वका समाचार हेर्न सक्नुहुन्छ। तपाईंको स्मार्टफोनमा भूकम्प, सुनामी जस्ता विपद् सम्बन्धी सूचना पठाइन्छ।

● बहुभाषामा उपलब्ध छ

iOS Android

### Safety tips

तपाईंको स्मार्टफोनमा सरकारबाट विपद् सम्बन्धी जानकारी पठाइन्छ।। भूकम्प वा सुनामी आएमा उपयोगी जानकारी तुरुन्तै थाहा हुन्छ।

● १५ भाषामा उपलब्ध छ

iOS Android

### VoiceTra

तपाईंले बोलेको भाषालाई ३१ भाषामा अनुवाद गर्न सकिन्छ। अन्य देशका मानिसहरूसँग कुरा गर्दा यो धेरै उपयोगी हुन्छ।



iOS Android